# तलकोट गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड. १ सङ्ख्या. १५ मितिः २०८१/०९/२८

भाग१-
तलकोट गाउँपालिका

| ऐन संख्या :- | १५ |
| --- | --- |

## आर्थिक ऐन संशोधन गर्न बनेका विधेयक - २०८१

**२०८१ को ऐन नं.**

**गाउँसभाबाट पारित मितिः २०८१/०९/१७**

**प्रमाणीकरण मितिः २०८१/०९/२६**

**प्रस्तावना,**

तलकोट गाउँपालिकाले लगाउने कर, शुल्क र दस्तुर लगाउन, उठाउन र लगाई राखेको करका दर तथा दायरालाई थप स्पष्ट पार्न तथा प्रशासनिक व्यवस्थालाई सुदृढ पार्न वाञ्छनीय भएकाले,नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम तलकोट गाउँपालिकाको १६ औं गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन २०८१ लाई संशोधन गर्ने ऐन २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **दफा ६ मा संशोधनः** (१) दफा ६ सँग सम्बन्धित अनुसूची ५ मा लेखिएका विषयको अतिरिक्त देहायका विषय थप गर्नेः

| क्र.स. | राजश्वका क्षेत्रहरु | राजश्वको दर | कैफियत |
|---|---|---|---|
| १ | पदमचाल | रु १५० प्रति क्यीन्टल | |
| २ | धुपी | रु ५०० प्रति क्यीन्टल | |
| ३ | भोजपत्र | रु २०० प्रति क्यीन्टल | |
| ४ | टिमुर | रु ५०० प्रति क्यीन्टल | |
| ५ | रिठ्ठा | रु २५ प्रति क्यीन्टल | |
| ६ | जटामसी | रु ५०० प्रति क्यीन्टल | |
| ७ | खिरौंला/सेतो चिनी | रु ३० प्रति क्यीन्टल | |
| ८ | गुच्छीच्याउ | रु ४० प्रति के.जी. | |
| ९ | कटुकी | रु १४०० प्रति क्यीन्टल | |
| १० | वन लसुन | रु ५० प्रति के.जी. | |
| ११ | सतुवा | रु २५० प्रति क्यीन्टल | |
| १२ | बोझो | रु १५० प्रति क्यीन्टल | |
| १३ | झुलो | रु १२० प्रति क्यीन्टल | |

३. दफा १३ सँग सम्बन्धि अनुसूची १२ को प्रकरण ६९ पछि देहायको कुरा थप गर्नेः

| क्र.स. | राजश्वका क्षेत्रहरु | राजश्वको दर | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | खानेपानी/सिँचाई उपभोक्ता समिति मुहान दर्ता | रु १५०० | |
| २ | खानेपानी/सिँचाई उपभोक्ता समिति मुहान नविकरण | रु १००० | |

४. **बचाउः** (१) यस संशोधन विधेयकमा उल्लेख भएजतिका विषय यसै अनुसार हुनेछन्।

(२) यस बाहेकका मूल कानूनमा लेखिएका विषय यथावत रहनेछन्।

आज्ञाले

यादव भट्टराई

प्रमुख प्रशासकीय अधिकृत